## प्रश्न नं. ५५

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ६५८८ देखि ६७०९ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

दार्चुला जिल्ला, नौगाड गाउपालिका वडा नं.६ मा नरेन्द्र सिंह ठगुन्नाको जाहेरीले नेपाल सरकार

विरुद्ध

दार्चुला जिल्ला, नौगाड गाउपालिका वडा नं.६ मा वस्ने आन सिंह ठगुन्ना

**मुद्दा : ज्यान सम्बन्धी कसुर**

(१) मिति २०७५।८।०१ गते आन सिंह ठगुन्नाले मेरा बाबु पदम सिंह ठगुन्नाले शरीरमा कराईमा उम्लेको तेल फाली त्यसपछि नजिकै रहेको काठको चिरपटाले टाउकोमा हिर्काउदा बाबु पदम सिंह ठागुन्नालाई उपचारको लागी प्राथमिक स्वास्थ्य केन्द्र लगेकोमा सो अस्पतालमा उपचार हुन नसकी नेपालगंज कोहलपुरतर्फ लैजाने क्रममा बाबु पदम सिहं ठगुन्नाको मृत्यु भएकोले निज प्रतिवादीलाई पकाउ गरी ज्यान सम्बन्धी कसुर अन्तर्गत कारबाही गरिपाऊँ भन्ने बेहोराको समेत व्यहोराको नरेन्द्र सिंह ठगुन्नाको **जाहेरी दरखास्त ।**

(२) २०७५ सालको मंसिर १ गतेमा सबै गाउँलेहरु वारदात स्थानमा रहेको भुमिराज मन्दिरमा पाठ पुजा भएकोले म मन्दिरमा जाँदा मृतक पदम सिंह ठगुन्ना मन्दिरनजिकै आगो बालेको स्थानमा भुइँमा बेहोस अवस्थामा ढलेको देखेकी हु । सोपछि वारदात स्थानमा रहेका दलसिहं ठगुन्नासमेतलाई सोधपुछ गर्दा कराईमा तेल तताई रहेका सोही स्थानमा विपक्षीसमेत बसेका अवस्थामा मृतक र विपक्षीबीच खानेपानीको विषयलाई लिएर एकआपसमा वादविवाद हुँदा विपक्षीले सोही आगो समाती मृतक पदम सिंह ठगुन्नाको टाउकोमा दुई पटक प्रहार गरेको भन्ने कुरा सुनी थाहा पाई निज प्रतिवादीलाई किन कुटपिट गरेको भनी सम्झाउँदा मलाईसमेत कुटपिट गर्न आएको हो । पछि मैले घटनास्थलको केही दुरीमा रहेको वनमा गाई चराउन गएका मृतकका छोरा जाहेरवालालाई बोलाएकी हुँ भन्ने बेहोराको **नरुली देवी धामीले** गरिदिएको **कागज ।**

(३) मिति २०७५ साल मंसिर १ गते म घटनास्थलमा थिएं । उल्लेखित मितिमा बिहान जिल्ला दार्चुला नौगाड गाउपालिका वडा नं.६ पनढुङगामा रहेको भुमिराज मन्दिरमा सबै गाउलेहरुको पाठ पुजा भएकाले म समेतका व्यक्तिहरु उक्त मन्दिरमा गएका थियौं मृतक पदम सिंह ठगुन्ना सो मन्दिरका पुजारी भएकाले मन्दिर नजिकै कराईमा तेल तताई रहेका अवस्थामा प्रतिवादीले मृतकलाई मेरो खानेपानीको पाइप किन काटेको हो भनी भन्दा मृतकले मैले काटेको छैन , मृतकले मेरो फागलमा चारवटा बाटो लगीएको छ । चारबाटो दिदैन दुई बाटो मात्र दिन्छु भन्नासाथ सोही विषयलाई लिएर कराईमा तताई रहेको तेल प्रतिवादीले मृतकको शरीरमा फाली सोही नजिकै रहेको दाउराको खातबाट दउराको चिरपटा समाती मृतक पदम सिहं ठगुन्नाको टाउकोमा दुई पटक प्रहार गर्दा सख्त घाइते भई भुईमा ढलेको हो र उपचारको लागी अस्पताल लैजादा आधा बाटोसम्म गएको थिएँ। पछि मृतकको सो अस्पतालमा उपचार हुन नसकी कोहलपुर अस्पतालतर्फ लैजाने कममा बाटोमा मृत्यु भएको हो भनी दली सिहं ठगुन्ना र जयमल सिहं ठगुन्नाले गरिदिएको **घटना विवरण कागज।**

(४) मिति २०७५ साल मंसिर १ गते बिहान गाउमा भुमिराज मन्दिरमा पाठ पुजा भएकाले घरबाट सामानलिई गाउँमा १२।१३ परिवारसहित संगै गएका थियौ । उक्त वारदात मितिमा बिहा पुजापाठ सुरु हुनुभन्दा

## प्रश्न नं. ५५

पहिला नै खानेपानीको विषयलाई लिएर मृतक पदम सिहं ठगुन्ना र मेरो एक आपसमा वादविवाद हुँदाका बखत उक्त मन्दिर नजिकै आगो बाली रोटी पुरी पकाउने क्रममा चुलोमा कराईमा तेल राखेको अवस्थामा सोही चुलोमा आगोले बलेको बलमुडो समाई मृतकले मलाई हान्न खोज्दा मैले हातले छेक्दा मेरो दाया हाथको बुढी औला आगोले जली फोका उठेको थियो । सोही वारदात स्थानमा म र मृतकसमेतका ६।७ जना व्यक्ति थियौ । सोपछि चुलोमा लगाएको तेलसहितको कराई मृतकको शरीरमा फालेको थिए । पुनः मृतकले मलाई हान्न खोज्दा मैले सोही मन्दिर नजिकै दाउराको खातबाट दाउराको चिरपट समाती निज मृतक पदम सिंह ठगुन्नाको टाउकोमा दुई पटक प्रहार गरेपछि मृतक सोही स्थानमा ढलेका थिए । सोही चोटले निज सख्त घाइते भएका थिए । सोपछि म तत्काल घटनास्थलबाट भागी गएको हुँ । पछि मृतक पदम सिंह ठगुन्नालाई उपचारका लागी स्वास्थ्य केन्द्र लगेकोमा सो ठाउमा उपचार हुन नसकी नेपालगंज अस्पतालमा लैजाने क्रममा बाटोमा नै मृत्यु भएको भन्ने कुरा थाहा पाएको थिएँ । मृतकको मृत्यु मैले नै प्रहार गरेको दाउराको चिरपटको चोटबाट भएको हो । सो घटनामा अन्य कुनै कसैको संलग्नता छैन । निज मृतकलाई म एक्लैले कुटपिट गरेको हो भन्ने बेहोराको प्रतिवादी आन सिहं ठगुन्नाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको **वयान कागज ।**

(५) पुर्वमा जय सिहं ऐरीको अवादी जमिन, पशिचिममा निजकै खरफागलो, उत्तमा निज जय सिंह ऐरीको आवदी जमिन, दक्षिणमा धसलिगडा गाउँबाट दार्चुला खलगां जाने गोरेको बाटो यति चार किल्ला सिमानाभित्र दक्षिण मोहडा भएको भुमिराज मन्दिर सो मन्दिरपट्टी फुल र धुपका कभरहरु तथा चामल रहेको, सो नजिकै आगो बलेको खरानी जलेको दाउरा रहेका, सो स्थान नजिकै फलामको कराई र दाउराको थुप्रो रहेको, सोही स्थानमा जिल्ला दार्चुला नौगाड गाउँपालिका वडा नं. १ बस्ने पदम सिहं ठगुन्ना उत्तानो अवस्थामा रहेको निजको अनुहारको बायाँपट्टी र टाउको पछाडी रगत जस्तो रातो पदार्थ बगिरहेको निज आगो बालेको स्थानमा बसिरहेको अवस्थामा खानेपानीको विषयलाई लिएर वादविवाद हुदा विपक्षी आन सिहं ठगुन्नाले सोही स्थान नजिक रहेको दाउराको चिरपट समाती निज पदम सिहं ठगुन्नाको टाउकोमा प्रहार गरी सख्त घाइते बनाएको, उक्त घटना प्रयोग गरेको लम्बाइ २ फिट गोलाई अं.५ इन्च भएको रातो रगत जस्तो दाग लागेको रुइस काठको चिरपट प्रहरीले घटनास्थल मुचुल्कासाथ उठाई लगेको भन्ने बेहोराको **घटनास्थल मुचुल्का ।**

(६) पुर्वमा चौलानी नदी, पश्चिममा गोकुलेश्वर अस्पतालको भवन, उत्तरमा बहुमुखी क्यम्पस जाने रोड, दक्षिणमा सोही अस्पतालको शौचालय, यति चारकिल्लाभित्र उक्त गोकुलेश्वर अस्पतालको लास घर सो लास घरको उत्तरपट्टी बरण्डामा खैरो रङको कम्बलले छोपी उत्तानो अवस्थामा मृतक पदम सिहं ठगुन्नाको लास रहेको भन्ने बेहोराको **लास प्रकृति मुचुल्का ।**

(७) मृत्युको कारण Blunt Force Injury of Head causing Fracture of skull and Damage to Brain Matter भन्ने बेहोराको जिल्ला स्वास्थ्य कार्यालय दार्चुलाबाट भएको मृतक पदम सिंह ठगुन्नाको मिति २०७५।०८।२ गतेको **शव परीक्षण प्रतिवेदन ।**

(८) प्रतिवादी आन सिहं ठगुन्नाकै कुटपिटबाट मृतक पदम सिहं ठगुन्नाको मृत्यु भएको हुदा निज प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को ज्यान सम्बन्धी कसुरको दफा १७७ को उपदफा १ बमोजिमको कसुर

**प्रश्न नं. ५५**

अपराधमा सोही संहिताको दफा १७७ को उपदफा २ बमोजिम जन्म कैदको सजाय गरिपाउँ भन्ने व्यहोराको **अभियोग पत्र ।**

(९) प्रतिवादी आन सिहं ठगुन्नाले दार्चुला जिल्ला अदालतसमक्ष गरेको **बयान ।**

(१०) घटना विवरणका व्यक्ति **नरुलीन देवी धामी**, **दली सिहं ठगुन्ना र जयमल सिहं ठगुन्नाले गरेको बकपत्र ।** (

(११) जाहेरवाला नरेन्द्र सिहं ठगुन्नाले गरेको **बकपत्र ।**

(१२) दार्चुला जिल्ला अदालतको **फैसला** ।

(१३) प्रतिवादी आनसिंह ठगुन्नाले दिएको **पुनरावेदन पत्र** ।